# आठबीस नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# राकमकर्णाली, दैलेख
# कर्णाली प्रदेश, नेपाल

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति२०७७/०४/१९**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं.२३, मिति २०७७/०४/१२ को पत्रानुसार यस आठबीस नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रका लागि आवश्यक 'प्राविधिक सहायक' पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ

तपसिल

| क स | विज्ञापन नं | पद | तह | आवश्यक संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौं तह सरह | १ जना |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

क) सिभिल इन्जिनियरिङ्गमा प्रवीणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तिर्ण भएको,

ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका सीप आवश्यक पर्नेछ ।

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतको लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीपसहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग) उमेरः कम्तीमा १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको ।

२. दरखास्त दिने स्थानःआठबीस नगरपालिकाको, कार्यालय राकमकर्णाली, दैलेख

३. दरखास्त दिने अन्तिम मितिः २०७७ भाद्र १ गते (कार्यालय समयभित्र)

४. आवेदनको दस्तुरः रु ५००/-(अक्षरेपी पाँच सय मात्र)

५. छनौटको किसिमः क) प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा

६. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः आवेदक स्वयम्ले प्रमाणित गरेका देहाय बमोजिम कागजातहरुः

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यताका लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि
- चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
- अनुभव खुल्ने कागजात
- पासपोर्ट आकारको फोटो २ प्रति

७. सेवा सुविधाः 'गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया' को दफा (११), ९१२) र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः 'गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया' को दफा (९) बमोजिम हुनेछ ।

नोटः आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।